बिर्तामोड नगरपालिका
कृषि विकास शाखा

मौरी श्रोत केन्द्र स्थापना कार्यक्रम

प्रथम पटक प्रकाशित मिति : २०७६/०५/२४

विषय : प्रस्ताव पेश गर्ने बारेको सुचना

बिर्तामोड नगरपालिकाको चालु आ.व. २०७६/७७ को **मौरी श्रोत केन्द्र स्थापना कार्यक्रम** अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन इच्छुक मौरी पालक कृषक तथा मौरी फर्महरुले तपशिल बमोजिम कागजातहरु सहित सुचना प्रकाशित भएको मितिबाट ३० दिन भित्र कार्यालय समयमा नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

निवेदन दिन ईच्छुक कृषक तथा व्यवसायी फर्महरुले कम्तिमा २० घार मौरी पालेको हुनुपर्ने ।
व्यावसायिक मौरी पालनका लागि आवश्यक सामाग्रीहरु अफिसँग हुनुपर्ने ।
मौरी पालनका लागि प्राविधिक जनशक्ति भएको हुनुपर्ने ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. कृषक मौरी पालक कृषक र मौरी फर्महरुले आफ्नो नाम, ठेगाना र सम्पर्क नं. खुलेको निवेदन ।
२. दर्ता प्रमाणपत्र, स्थाहि लेखा नं. (पान नं.) र करचुक्ताको प्रतिलिपि ।
३. मौरी पालनसंग सम्बन्धित तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि ।
४. सम्बन्धित वडाको सिफारिस ।

शाखा अधिकृत

पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

विर्तामोड नगरपालिका
कृषि विकास शाखा

## मेयर विषादि मुक्त नगर कार्यक्रम

प्रथम पटक प्रकाशित मिति : २०७६/०५/२५

विषय : निवेदन पेश गर्ने बारेको सुचना

प्रश्तुत विषयमा विर्तामोड नगरपालिकाको चालु आ.व. २०७६/७७ को **मेयर विषादि मुक्त नगर कार्यक्रम** तर्फको स्वीकृत बार्षिक कार्यक्रम तर्फ तपशिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन इच्छुक कृषकहरुले तपशिल वमोजिम कागजातहरु सहित सुचना प्रकाशित भएको मितिवाट ३० दिन भित्र कार्यालय समयमा नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

१. मेयर विषादि मुक्त नगर कार्यक्रमतर्फको लागि ५० जना कृषकहरुको छनौट गरिने छ ।
२..कृषकहरुको छनौट गर्दा तरकारी उत्पादनमा संलग्न युवा कृषकहरुलाई समेटिने छ ।
३. कार्यक्रममा संलग्न हुन चाहने कृषकहरुले वर्षभरि नै कम्तिमा १० कट्ठा क्षेत्रफलमा तरकारी उत्पादन गर्नुपर्ने छ ।
४.छनौट भएका कृषकहरुलाई प्रांगरिक मल उत्पादन, वानस्पतिक विषादि निर्माण, विषादि रहित तरकारी उत्पादन र तरकारी उत्पादन सम्वन्धि तालिमहरु दिनुका साथै आवश्यक सामाग्रिहरु उपलब्ध गराईने छ ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. १० कट्ठा जग्गाको क्षेत्रफल खुलेको कागजातको प्रतिलिपि वा लिजमा लिएको भए कम्तिमा १० वर्षको लागि गरिएको संझौता पत्रको प्रतिलिपि ।
२. नेपाली नागरिकताको प्रतिलिपि ।
३. सम्वन्धित वडाको सिफारिस ।
४.फर्म दर्ता गरेको भए सोको प्रतिलिपि ।

पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

शाखा अधिकृत

Scanned by CamScanner

**बिर्तामोड नगरपालिका**
**कृषि विकास शाखा**

**एक समुह एक उत्पादन कार्यक्रम**

**प्रथम पटक प्रकाशित मिति : २०७६/०५/२४**

**विषय : प्रश्ताव पेश गर्ने बारेको सुचना**

बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७६/७७ को **एक समुह एक उत्पादन कार्यक्रम** अन्तर्गत स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन इच्छुक कृषक समुह/कषि सहकारी/कृषि कम्पनी र कृषि फर्महरुले तपशिल बमोजिम कागजातहरु सहित सुचना प्रकाशित भएको मितिबाट ३० दिन भित्र कार्यालय समयमा नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसील**

**एक समुह एक उत्पादनमा संलग्न बालीहरु :** आलु, राज्मा, तोरी, फापर र सूर्यमुखी ।
**क्षेत्रफल :** आलु प्रति समुह कम्तिमा ५ विघा र राज्मा, तोरी, फापर, सूर्यमुखी कम्तिमा २० विघा ।
**न.पा.को सहयोग :** कार्यक्रममा आवद्ध कृषकहरुलाई विउ र उत्पादन प्रविधिमा सहयोग गरिनेछ ।

**निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**
१. कृषक समुह/कषि सहकारी/कृषि कम्पनी र कृषि फर्महरुले आफ्नो नाम, ठेगाना र सम्पर्क नं. खुलेको निवेदन ।
२. कृषक समुहको हकमा दर्ता प्रमाणपत्र र संस्था, फर्म, कम्पनी तथा सहकारीहरुको हकमा दर्ता प्रमाणपत्र, स्थाहि लेखा नं. (पान नं.) र करचुक्ताको प्रतिलिपि ।
३. उत्पादनमा संलग्न हुने कृषकहरुको सहभागितामा उत्पादन गरिने वालीको निर्णय प्रतिलिपि ।
४. समुह संस्थाहरुले कार्यक्रममा भाग लिन गरेको निर्णयको प्रतिलिपि, कार्यक्रममा संलग्न हुने कृषकहरुको नामवली र जग्गाको क्षेत्रफल खुलेको कागजातको प्रतिलिपि ।
५. सम्बन्धित वडाको सिफारिस ।

शाखा अधिकृत

पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

बिर्तामोड नगरपालिका
कृषि विकास शाखा

# साना कृषकहरुका लागि चिया पत्ति टिप्ने मेसिन सहयोग कार्यक्रम

**प्रथम पटक प्रकाशित मिति : २०७६/०५/२४**

**विषय : प्रश्ताव पेश गर्ने बारेको सुचना**

बिर्तामोड नगरपालिकाको चालु आ.ब. २०७६/७७ को **साना कृषकहरुका लागिं चिया पत्ति टिप्ने मेसिन सहयोग कार्यकम** अन्तर्गत स्वीकृत बार्षिक कार्यकम अनुसार तपशिल अनुसारको कार्यकम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यकममा संलग्न हुन इच्छुक साना चिया उत्पादक कृषकहरुले तपशिल बमोजिम कागजातहरु सहित सुचना प्रकाशित भएको मितिबाट ३० दिन भित्र कार्यालय समयमा नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसील**

१ हेक्टर (३० कठ्ठा) भन्दा कम जमिन भएका कृषकहरु मात्र यो कार्यकममा सहभागि हुन पाउनेछन् ।
कृषक आफैले चिया बगान संचालन गरेको हुनुपर्ने छ ।
लागत मुल्यको ८५% रकम न.पा.ले र बाँकि १५ % रकम सहभागि कृषकले व्यहोर्नु पर्नेछ ।

**निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. सहभागि कृषकहरुले आफ्नो नाम, ठेगाना र सम्पर्क नं. खुलेको निवेदन ।
२. ३० कठ्ठा भन्दा कम जग्गा भएको र चिया खेती गरिरहेको सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस ।

शाखा अधिकृत

पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

बिर्तामोड नगरपालिका
कृषि विकास शाखा

एकिकृत शत्रुजीव व्यावश्थापन (आई.पी.एम.) कार्यक्रम

**प्रथम पटक प्रकाशित मिति : २०७६/०५/२५**

**विषय : निवेदन पेश गर्ने बारेको सुचना**

प्रश्तुत विषयमा बिर्तामोड नगरपालिकाको चालु आ.व. २०७६/७७ को **एकिकृत शत्रुजीव व्यावश्थापन (आई.पी.एम.) कार्यक्रम** तर्फको स्वीकृत वार्षिक कार्यक्रम तर्फ तपशिल अनुसारको कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन इच्छुक कृषक समुह/कषि सहकारीहरुले तपशिल बमोजिमका कागजातहरु सहित सुचना प्रकाशित भएको मितिवाट ३० दिन भित्र कार्यालय समयमा नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसील

१. आई. पी. एम. कार्यक्रम अन्तगएत ४ वटा कृषक समुह/कषि सहकारीहरुको छनौट गरिने छ ।
२.. कृषक समुह/कषि सहकारीहरुले आफुले ईच्छाएको विषयमा आई.पी.एम. कार्यक्रम संचालन गर्न सक्नेछन् ।
३. वाली शुरु भएपछि उत्पादन भए सम्म कृषकहरु आई.पी.एम. कक्षामा सहभागि हुनु पर्नेछ ।
४.छनौट भएका कृषक समुह/कषि सहकारीहरुलाई आई.पी.एम सहजकर्ताद्धारा कक्षा संचालन गराईने छ ।

निवेदनसँग पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. कृषक समुह/कषि सहकारी संस्थाहरुले आफ्नो नाम, ठेगाना र सम्पर्क नं. र खुलेको निवेदन ।
२. कृषक समुहको हकमा दर्ता प्रमाणपत्र, संस्था तथा सहकारीहरुको हकमा दर्ता प्रमाणपत्र, स्थाहि लेखा नं. (पान नं.) र करचुक्ताको प्रतिलिपि ।
३. समुह संस्थाहरुले कार्यक्रममा भाग लिन गरेको निर्णयको प्रतिलिपि ।
४. उक्त कामको लागि खटाइएको व्यक्तिलाई संस्थाले दिएको अक्तियारी पत्र ।
५. सम्वन्धित वडाको सिफारिस ।

शाखा अधिकृत

पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner